

# प्रेममा साँचो बोल्दै



भल्यूम १ "प्रेममा साँचो बोल्दै हामी सबै कुराहरूमा उहाँसम्म बढौं, जो शिर हुनुहुन्छ" - एफेसी ४:१५ अंक १९


"म तिमीहरूलाई एउटा नयाँ हृदय दिनेछु र तिमीहरूको भित्र नयाँ आत्मा राखिदिनेछु। तिमीहरूको शरीरबाट ढुङ्गाको हृदय हटाएर मासुको हृदय दिनेछु।"
(इजकिएल ३६:२६)

## सुधार होइन, नयाँ हृदय

एक पटक एक जना बटुवा एउटा सरायमा बसे। त्यहाँको भुइँ निकै फोहोर थियो। उनले सरायकी मालिक्नीलाई भुइँ राम्ररी घोटेर सफा गर्न सल्लाह दिने विचार गरे। तर पछि उनले थाहा पाए कि त्यो भुइँ कडा जमेको माटोले बनेको रहेछ। त्यसलाई जति धेरै घोटेर सफा गर्न खोज्यो, त्यति नै बिग्रिने रहेछ। हाम्रो हृदय पनि त्यस्तै हो। यसको भ्रष्ट स्वभावलाई सुधारेर राम्रो बनाउन सकिँदैन। हृदयलाई नयाँ बनाइनुपर्छ। - Fellowship




## व्यावहारिक पवित्रीकरण

धेरै विश्वासीहरूले अनुभव गर्ने उदासी, निराशा र हताशाको एउटा प्रमुख कारण पवित्रीकरणसम्बन्धी यस महत्त्वपूर्ण सत्यतालाई ठीकसँग नबुझ्नु हो भन्ने कुरामा हामीलाई कुनै शङ्का छैन। उनीहरू त्यस्तो कुरा खोजिरहेका छन् जुन उनीहरूले कहिल्यै भेट्टाउन सक्दैनन्। उनीहरू शान्तिको आधार ख्रीष्टको सिद्ध बलिदानमा होइन, तर आफ्नै पवित्र बनाइएको स्वभावमा खोजिरहेका छन्; प्रायश्चितको पूर्ण भइसकेको कार्यमा होइन, तर पवित्रतामा प्रगतिशील रूपमा अघि बढ्ने प्रक्रियामा खोजिरहेका छन्। उनीहरूलाई आफ्नो पापी स्वभाव पूर्ण रूपमा पवित्र नहुँदासम्म आफ्ना पापहरू क्षमा भएका छन् भन्ने विश्वास गर्नु धृष्टता जस्तो लाग्छ। अनि त्यो लक्ष्य अझै प्राप्त नभएको देखेर उनीहरूसँग क्षमाको कुनै स्थिर आश्वासन रहँदैन, र फलस्वरूप उनीहरू दुःखी र अशान्त हुन्छन्।

संक्षेपमा भन्नुपर्दा, उनीहरू परमेश्वरले राखिदिनुभएको जगभन्दा पूर्णतः भिन्न अर्को "जग" खोजिरहेका छन्। त्यसैले उनीहरूमा कुनै निश्चयता हुँदैन। व्यक्तिगत पवित्रताको संघर्षमा आफूले केही सफलता हासिल गरेको जस्तो अनुभव हुँदा मात्र उनीहरूलाई केही सान्त्वना मिलेजस्तो लाग्छ। यदि कुनै दिन उनीहरूको आत्मिक अवस्था राम्रो रह्यो, यदि उनीहरूले प्रभुसँगको मधुर सङ्गतिको समय पाए, वा यदि उनीहरूको मन शान्त, भक्तिपूर्ण र समर्पित अवस्थामा रह्यो भने, उनीहरू तुरुन्तै यसो भन्न तयार हुन्छन्, "तपाईंले मेरो पहाड बलियो गरी खडा हुने तुल्याउनुभयो; म कहिल्यै डगमगाउनेछैनँ" (भसं ३०)।

तर यस्ता कुराहरूले आत्माको शान्तिको लागि भरपर्दो जग प्रदान गर्न सक्दैनन्। यी कुरा ख्रीष्ट होइनन्। जबसम्म हामीले परमेश्वरको सामु आफ्नो ओहोदा वा स्थान **ख्रीष्टमा** छ भन्ने सत्यतालाई बुझ्दैनौं, तबसम्म स्थिर र अटल शान्ति प्राप्त हुन सक्दैन। जसले साँच्चै ख्रीष्टलाई ग्रहण गरेको छ, उसले निश्चय नै पवित्रताको चाहना राख्छ; तर यदि उसले ख्रीष्ट उसको लागि को हुनुहुन्छ भन्ने कुरा बुझेको छ भने, उसले आफ्नै पवित्र बनाइएको स्वभावमा भरोसा गर्ने सबै सोच त्यागिसकेको हुन्छ। उसले आफ्नो सम्पूर्णता ख्रीष्टमै भेट्टाएको हुन्छ, र उसको हृदयको सर्वोच्च चाहना उहाँको स्वरूपमा दिनप्रतिदिन अझ बढी रूपान्तरित हुँदै जानु हुन्छ। यही नै साँचो व्यावहारिक पवित्रीकरण हो। - चार्ल्स एच म्याकिन्टोश

## ताडना

प्रभुले आफ्नो अटल प्रेम र विश्वासयोग्यताका कारण हामीलाई सत्यबाट भड्किएर आफ्नै बाटोमा अघि बढिरहन कहिल्यै दिनुहुन्न। उहाँले प्रेम गर्ने आफ्ना सन्तानलाई ताडना दिनुहुन्छ, ताकि हामीलाई फेरि आफ्नै नजिक फर्काउन सकून्। प्रभुले हामीलाई ताडना दिनुहुँदा हाम्रो हृदयको अवस्थाले जति आवश्यक बनाउँछ, त्यसभन्दा बढी कहिल्यै ताडना दिनुहुन्न। उहाँले एक हातले ताडना दिनुहुँदा पनि अर्को हातले हामीलाई थामिरहनुभएको हुन्छ। - जर्ज म्यूलर

© 2026 WORDOFTRUTH.COM.NP

# परमेश्वरले संसारमा के गर्दै हुनुहुन्छ?

अध्याय ५ [४ मध्ये भाग २]

### रोमी सतावट

यहूदीहरूले मण्डलीलाई नष्ट गर्न सकेनन्। बरु, उनीहरूले मण्डलीलाई जति धेरै सताए, मण्डली त्यति नै बढ्दै गयो (प्रेरित ८:१, ४–८, २५, ४०; ११:१९–२१; १२:२४; १३:४९)। त्यसैले, मण्डलीलाई नष्ट गर्ने र परमेश्वरका जनहरूलाई सत्यत्यागतर्फ डोऱ्याउने आफ्नो उद्देश्य पूरा गर्न शैतानले पृथ्वीको सबैभन्दा शक्तिशाली साम्राज्य—रोम—लाई प्रयोग गऱ्यो।

नेरो (इ.सं. ५४–६८) मण्डलीलाई सताउने पहिलो रोमी सम्राट थियो। उसले ख्रीष्टियनहरूलाई जीवितै जलाएर आफ्ना बगैंचाहरूमा रातिको प्रकाशको रूपमा



प्रयोग गऱ्यो। प्रेरित पावलको शिरच्छेद तथा सम्भवतः प्रेरित पत्रुसलाई उल्टो क्रूसमा टाँगिनुमा पनि उसको भूमिका थियो।

इ.सं. २५० भन्दा अघिका अधिकांश रोमी सतावटहरू स्थानीय र छिटपुट थिए। तर इ.सं. २५० पछि ती सम्पूर्ण साम्राज्यभरि फैलाइए। ख्रीष्टियनहरूलाई सम्राट र मूर्तिपूजक देवताहरूको पूजा गर्न बाध्य पारियो। परमेश्वरका जनहरूको दृष्टिमा यस्तो पूजा सत्यत्याग थियो। धेरै ख्रीष्टियनहरूले यस्तो आदेश मान्न अस्वीकार गरेपछि, सरकारले मण्डली र पवित्रशास्त्र दुवैलाई पूर्ण रूपमा नष्ट गर्ने नीति अपनायो। शैतान केवल परमेश्वरका जनहरूलाई मात्र होइन, आफ्नो अन्तिम पराजयको घोषणा गर्ने परमेश्वरको वचनलाई समेत नष्ट गर्न कटिबद्ध थियो। परिणामस्वरूप, ख्रीष्टियनहरूमाथि क्रूरतापूर्वक र योजनाबद्ध रूपमा सतावट तथा मृत्युदण्डको अभियान सञ्चालन गरियो। हजारौँ विश्वासीहरू आफ्नो विश्वासको खातिर शहीद भए।

तर परमेश्वरले यी सतावटहरूलाई आफ्नै उद्देश्य पूरा गर्न प्रयोग गर्नुभयो। फेरि पनि, मण्डली जति धेरै सताइयो, त्यति नै तीव्र रूपमा फैलियो। वास्तवमा, सतावटको युगमा मण्डलीको वृद्धि यति उल्लेखनीय थियो कि त्यस समयका प्रसिद्ध मण्डली-अगुवा टर्टुलियनले, "शहीदहरूको रगत नै मण्डलीको बीउ हो," भन्ने प्रसिद्ध भनाइ व्यक्त गरे।

### मण्डलीको सत्यत्याग

इ.सं. ३११ मा सम्राट गालेरियसले एक आदेश जारी गरी ख्रीष्टियनहरूलाई सहिष्णुता प्रदान गऱ्यो। त्यसपछि सम्राट कन्स्टान्टिन (Constantine) ले इ.सं. ३१३ मा मिलानको आदेश (Edict of Milan) द्वारा ख्रीष्टियन धर्मलाई कानुनी मान्यता र पूर्ण धार्मिक स्वतन्त्रता प्रदान गऱ्यो। इ.सं. ३२४ सम्म आइपुग्दा ख्रीष्टियन धर्म रोमी साम्राज्यको आधिकारिक संरक्षण प्राप्त धर्म बनिसकेको थियो। अन्ततः, इ.सं. ३८० मा सम्राट थियोडोसियस प्रथमले एउटा आदेश जारी गरी ख्रीष्टियन धर्मलाई रोमी साम्राज्यभित्र अनुमति प्राप्त एकमात्र आधिकारिक धर्म घोषणा गरे। त्यसपछि भने परिस्थिति उल्टियो—पहिले सतावट भोग्ने ख्रीष्टियनहरू अब राज्यको संरक्षणमा थिए, र सरकारले अन्य धर्महरूलाई दबाउन तथा सताउन थालेको थियो।

सुरुमा, सतावट सहने मण्डलीबाट राज्यको आधिकारिक धर्म बन्ने यो परिवर्तन मण्डलीको महान् विजय जस्तो देखियो। तर समयले देखायो कि त्यो विजय वास्तवमा भेष बदलेको पराजय थियो। मण्डली र राज्यको गठबन्धनलाई शैतानले मण्डलीभित्र सत्यत्याग प्रवेश गराउने सुनौलो अवसरको रूपमा प्रयोग गऱ्यो। ख्रीष्टियन धर्मलाई साम्राज्यको एकमात्र स्वीकृत धर्म बनाएपछि, ठूलो सङ्ख्यामा मूर्तिपूजकहरू "ख्रीष्टियन" बन्ने उद्देश्यले मण्डलीमा प्रवेश गर्न थाले। मूर्तिपूजकहरू मण्डलीहरूसँग सम्पर्कमा आएपछि, उनीहरूले मण्डलीहरूको आराधना आफ्ना मन्दिरहरूमा हुने आराधनाभन्दा निकै भिन्न रहेको देखे। मूर्तिपूजकहरू आफ्ना देवदेवीहरू तथा राष्ट्रिय नायकहरूको मूर्तिअगाडि निहुरिएर पूजा गर्थे; मण्डलीहरूमा भने कुनै मूर्ति थिएन। उनीहरूले "स्वर्गकी रानी" भनेर मानिने देवीको आराधना गर्थे; उनीहरूका असंख्य धार्मिक चाडपर्व, रगतका बलिहरू तथा पुजारीहरू थिए। मण्डलीहरूमा यीमध्ये कुनै कुरा थिएन।

यी भिन्नताहरूका कारण मूर्तिपूजकहरूले मण्डलीलाई आफ्नो जीवन र संस्कृतिसँग असमबन्धित ठान्न थाले।

यस मूर्तिपूजक दृष्टिकोणका कारण धेरै ख्रीष्टियनहरू आत्तिन थाले। उनीहरूले सोच्न थाले कि यदि मण्डलीलाई मूर्तिपूजकहरूको दृष्टिमा अझ परिचित र स्वीकार्य बनाइएन भने उनीहरूलाई ख्रीष्टसम्म ल्याउन कठिन हुनेछ। मण्डलीलाई उनीहरूका लागि आकर्षक बनाउने उत्साहमा, केही ख्रीष्टियनहरूले मूर्तिपूजक प्रथाहरूलाई "ख्रीष्टियानीकरण" गरेर मण्डलीभित्र समावेश गर्न थाले। फलस्वरूप, देवदेवीहरू र राष्ट्रिय नायकहरूका मूर्तिहरूको स्थानमा प्रेरितहरू र शहीदहरूका चित्र तथा प्रतिमाहरू प्रयोग हुन थाले। "स्वर्गकी रानी" (Queen of Heaven) भनेर पूजिने देवीप्रतिको आदरलाई मरियमप्रतिको विशेष श्रद्धामा रूपान्तरण गरियो। प्रभुभोजलाई ख्रीष्टको मृत्युको स्मरण मात्र नभई बलिदानको रूपमा बुझ्न थालियो। एल्डरहरू शिक्षकहरूबाट पुजारीहरूमा परिणत गरिए, र मूर्तिपूजक चाडपर्वहरूलाई विशेष मण्डलीय पर्वहरूको रूपमा अपनाइयो।

सुरुमा त यस्तो देखियो कि मूर्तिपूजकहरूलाई ख्रीष्टतर्फ आकर्षित गर्न शैतानको राज्यका केही विधिहरू अपनाउने यो नीति सफल भइरहेको छ। यसको तत्काल परिणामहरू उत्साहजनक देखिए। मण्डलीहरू अब आफूहरूसँग बढी मेल खाने जस्ता देखिन थालेपछि, मूर्तिपूजकहरूले आफूलाई ख्रीष्टियन भनी स्वीकार गर्न थाले। फलस्वरूप, स्थानीय मण्डलीहरूको सदस्यता उल्लेखनीय रूपमा बढ्न थाल्यो। तर समयले प्रमाणित गर्‍यो कि तीमध्ये अधिकांश मानिसहरू मनदेखि भने अझै पनि मूर्तिपूजक नै थिए। उनीहरू ख्रीष्टियन बनाइएका मूर्तिपूजकहरू अवश्य थिए, तर मूर्तिपूजक नै थिए। फलस्वरूप, मण्डलीहरू सदस्यता र व्यवहार दुवैमा क्रमशः मूर्तिपूजक प्रभावले भरिन थाले। समय बित्दै जाँदा, महत्त्वाकाङ्क्षी, सांसारिक र नैतिक सिद्धान्तको वास्ता नगर्ने मानिसहरूले सामाजिक प्रतिष्ठा र राजनीतिक प्रभाव हासिल गर्न मण्डलीका पदहरू खोज्न थाले। पश्चिमी युरोपमा यस्ता मानिसहरूले मण्डलीलाई विस्तारै एउटा विशाल राजनीतिक संस्थामा परिणत गरे, जसले अन्ततः राज्यसत्तामाथि समेत प्रभाव जमाउन थाल्यो। यसरी मध्ययुगीन संस्थागत मण्डली साँचो बाइबलीय ख्रीष्टियनताको प्रतिनिधित्व गर्ने निकायभन्दा पनि युरोपका राष्ट्रहरूमाथि नियन्त्रण जमाउने भ्रष्ट धार्मिक पदसोपान (hierarchy) द्वारा परिचित हुन पुग्यो।

संस्थागत ख्रीष्टियन जगत् (organized Christendom) जति-जति सत्यत्यागतर्फ अग्रसर भयो, सुसमाचारको सन्देश पनि त्यति-त्यति विकृत हुँदै गयो। पवित्रशास्त्र र प्रेरितहरूको शिक्षाले स्पष्ट रूपमा बताउँछ कि उद्धार केवल प्रभु येशू ख्रीष्टमाथिको व्यक्तिगत विश्वासद्वारा, परमेश्वरको अनुग्रहबाट प्राप्त हुन्छ (एफेसी २:८–९; रोमी ४:१–५; गलाती २:१५–१६, २१)। तर जब मूर्तिपूजकहरू मण्डलीभित्र प्रवेश गरे, तब मानिसका असल कर्महरू उद्धारका लागि आवश्यक छन् भन्ने तिनीहरूको धारणा सुसमाचारिसित मिसाइयो। यसको परिणामस्वरूप, उद्धारको साँचो मार्ग शताब्दीयौँसम्म असंख्य मानिसहरूको दृष्टिबाट ओझेलमा रह्यो। यसरी शैतानले संस्थागत मण्डलीलाई सत्यत्यागतर्फ डोर्‍याउने क्रममा उसले मण्डलीले घोषणा गर्नुपर्ने सुसमाचारलाई समेत विकृत गरिरहेको थियो, ताकि आफ्ना राज्यका मानिसहरू परमेश्वरको राज्यमा प्रवेश गर्न नसकून्।

शैतानले बुझेको थियो कि यदि संस्थागत मण्डलीलाई सत्यत्यागमा कायम राख्ने र सुसमाचारलाई ओझेलमा पारिराख्ने हो भने पवित्रशास्त्रको सही व्याख्यालाई बिगार्नुपर्छ। सम्भव भए बाइबलको अध्ययन नै निरुत्साहित वा अवरुद्ध गर्नुपर्छ। यही सन्दर्भमा, इ.सं. २३० तिर, मूर्तिपूजक दर्शनबाट गहिरो रूपमा प्रभावित भएका मण्डली-अगुवा ओरिजेन (Origen) ले एउटा कृति प्रकाशित गरे, जसमा उनले पवित्रशास्त्रको रूपकात्मक (allegorical) व्याख्या-पद्धतिलाई व्यवस्थित रूपमा विकास गरे। बाइबलका शब्दहरूलाई तिनको सामान्य र स्वाभाविक अर्थमा बुझ्नुको सट्टा, यस पद्धतिले तिनमा लुकेका प्रतीकात्मक वा गुप्त अर्थहरू खोज्न जोड दियो। फलस्वरूप, बाइबलले वास्तवमा के भन्छ भन्ने भन्दा पनि व्याख्याकर्ताले त्यसबाट के निकाल्न चाहन्छ भन्ने कुरा बढी महत्त्वपूर्ण बन्न गयो। ओरिजेनको प्रतिष्ठा र व्यापक प्रभावका कारण उनको रूपकात्मक व्याख्या-पद्धतिले संस्थागत मण्डलीमा गहिरो प्रभाव पार्‍यो।

साभार: What On Earth Is God Doing by Renald Showers

*(क्रमश: आगामी अंकमा)*

*"अनि तिमीहरूले मलाई खोज्नेछौ, र मलाई भेट्टाउनेछौ, जब तिमीहरूले मलाई आफ्नो सम्पूर्ण हृदयले खोज्नेछौ।" (यर्मिया २९:१३)*

## संसार

संसारको वास्तविक स्वभाव र त्यसको प्रभाव तीन कुरामा प्रकट हुन्छः शरीरको अभिलाषा, जसले आफ्नै इच्छाहरू पूरा गर्न मात्र खोज्छ; आँखाको अभिलाषा, जसले संसारको आकर्षण र वैभव देखेर त्यसैको पछि लाग्छ; र जीवनको घमण्ड, जसले आफूलाई उच्च पार्न र आफ्नै महिमाको खोजी गर्न प्रेरित गर्छ।

- Andrew Murray

"संसारमा भएका सबै कुराहरू — शरीरको अभिलाषा, आँखाहरूको अभिलाषा, र जीवनको सेखी पिताबाटको होइन, तर संसारबाटको हो।" (१ यूहन्ना २:१६)

## अगुवाहरूलाई अर्ती

*"यसकारण आफ्नो विषयमा...होसियार हुनुहोस्"*

यो वचन परमेश्वरको बगाललाई गोठाला गर्ने अगुवाहरूलाई भनिएको हो (प्रेरित २०:२८ मा हेर्नुहोस्)।

सत्रौं शताब्दिका एकजना पास्टर रिचार्ड ब्याक्सटरले प्रचारकहरूलाई यसरी अर्ती दिए: "आफूलाई सधैं आत्मिक रूपमा स्वस्थ र सशक्त अवस्थामा राख्न लगनशील हुनुहोस्। तपाईंले अरूलाई सुनाउनुअघि आफ्ना प्रवचनहरू पहिले आफैलाई सुनाउनुहोस्। यदि तपाईंले परमेश्वरको उपस्थितिमा प्रशस्त समय बिताउनुभएको छ भने, तपाईंका मानिसहरूले त्यो अवश्य महसुस गर्नेछन्, र त्यसबाट उनीहरू लाभान्वित हुनेछन्। तपाईंको हृदयमा जे कुरा सबैभन्दा बढी भरिएको हुन्छ, प्रायः त्यही कुरा उनीहरूका कानमा सबैभन्दा धेरै सुनिन्छ। म स्वीकार गर्छु—जब मेरो हृदय चिसो हुन्छ, मेरो प्रचार पनि चिसो हुन्छ। यदि हाम्रो विश्वास, प्रेम वा परमेश्वरप्रतिको श्रद्धा घट्न थाल्यो भने, त्यसको प्रभाव चाँडै नै हाम्रो प्रचारमा देखापर्छ। सायद हामीले के प्रचार गर्छौं त्यसमा होइन, तर कसरी प्रचार गर्छौं त्यसमा। अनि त्यसको क्षति परमेश्वरका मानिसहरूले भोग्नुपर्छ। तर यदि हाम्रो हृदय प्रेम, विश्वास र पवित्र जोशले भरिएको छ भने, हाम्रो सेवकाइले आत्मिक ताजगी, सान्त्वना र उत्साह प्रदान गर्नेछ।"

- The Ministry We Need (Baxter)



## बाइबललाई आफैँ बोल्न दिनुहोस्

सायद तपाईंले जीवनका धेरै बाटाहरूमा हिँडिसक्नुभएको छ। धेरै दर्शन, विचारधारा र जीवनशैलीहरू अपनाएर पनि हेर्नुभएको होला। तर परमेश्वरको वचनलाई आफैँलाई प्रमाणित गर्ने एउटा अवसर किन दिनुहुन्न?

आजैदेखि सुरु गर्नुहोस्। खुला मन, विनम्र हृदय र सत्य जान्ने उत्कट इच्छासाथ बाइबल आफैँ पढ्न थाल्नुहोस्। पढ्दै गर्दा यसरी प्रार्थना गर्नुहोस्—

"हे प्रभु, म तपाईंको वचनले वास्तवमा के सिकाउँछ भन्ने जान्न चाहन्छु। यदि तपाईंले मलाई सहायता गर्नुभयो भने, म यसलाई इमानदारीपूर्वक अध्ययन गर्नेछु। मैले के विश्वास गर्नुपर्छ, कृपया मलाई देखाइ-दिनुहोस्। आमेन।"



सुरुमा यूहन्नाको सुसमाचार पढ्नुहोस्। त्यसपछि प्रेरितहरूका काम, याकूब, पत्रुसका पत्रहरू, १ यूहन्ना, अनि नयाँ नियमका बाँकी पुस्तकहरू पढ्दै जानुहोस्। त्यसपछि पुरानो नियम पनि पढ्नुहोस्।

यदि तपाईंले इमानदार मनले परमेश्वरको वचन पढ्नुभयो भने, उहाँले आफ्नो सत्य तपाईंलाई अवश्य प्रकट गर्नुहुनेछ।

- Kay Friederichsen

## म प्रेमपूर्वक सोध्न चाहन्छु

१. के तपाईंले आफूलाई कहिल्यै पवित्र परमेश्वरको सामु दोषी पापीको रूपमा देख्नुभएको छ?

२. के तपाईंलाई थाहा छ कि हरेक पापको दण्ड मृत्यु हो? (रोमी ३:२३; ६:२३)

३. के कसैले तपाईंलाई कहिल्यै यो शुभ समाचार सुनाएको छ कि ख्रीष्ट तपाईंका पापहरूका निम्ति मर्नुभयो, तिनलाई सदाको निम्ति हटाउनुभयो, र तेस्रो दिनमा मृत्युबाट पुनर्जीवित हुनुभयो? (१ कोरिन्थी १५:३–४)

*"यदि तिमीले आफ्नो मुखले प्रभु येशूलाई स्वीकार गर्‍यौ भने, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट बौराएर उठाउनुभयो भनी आफ्नो हृदयमा विश्वास गर्‍यौ भने तिमीले मुक्ति पाउनेछौ।" (रोमी १०:९)*